स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली कलाकारहरु एकआपसमा मिलेर काम गर्दैनन् भन्ने चर्चा भैरहेको समयमा अहिले केही फिल्ममा स्थापित कलाकारहरुबीच सहकार्यको प्रयास भैरहेको छ । अब प्रदीप खड्काको फिल्म 'एक्टर'मा पनि नाम चलेकै कलाकार बीच सहकार्यको सम्भावना देखिएको छ । फिल्ममा प्रदीपको जोडी अभिनेत्री स्वस्तिमा खड्कासँग बाँध्ने प्रयास भैरहेको छ । अहिले स्वस्तिमा अष्ट्रेलियामा रहेकाले कुराकानी अगाडि बढ्न पाएको छैन । निर्माण टिमको पहिलो रोजाईमा उनी छिन् ।

आजको विचार...



स्वयम्भुनाथ कार्की

कौटिल्यको... (दुई पेजमा)



ब्लकबस्टर फिल्म 'जारी' फेम्ड निर्देशक उपेन्द्र सुब्बाको आगामी फिल्म 'मनसरा'को प्रदर्शन मिति तय भएको छ । दयाहाङ राई र मिरुना मगरको शीर्ष भूमिका रहेको यो फिल्म बैशाख २१ गते रिलिज हुने भएको हो । निर्माताले शुक्रबार पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिको घोषणा गरेका हुन् । फिल्ममा मिरुनाले मनसराको केन्द्रिय चरित्रमा अभिनय गरेकी छन् । पोस्टरमा उनको क्यारेक्टर अवतार प्रस्तुत गरिएको छ । यो नारीप्रधान फिल्मलाई ग्रामिण सेटिङमा तयार पारिएको छ । पोस्टरमा मिरुनाको पात्र झोला बोकेर कतै हतासमा हिँडिरहेको महशुस गर्न सकिन्छ ।

❑ वर्ष २९ ❑ अंक १३८ ❑ २०८० मंसिर ३० गते शनिबार 16 December 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### काँग्रेस महासमिति बैठक फेरि सर्‍यो

**पाल्पा,** मंसिर २९/नेपाली काँग्रेसले फेरि पनि महासमिति बैठकको मिति सारेको छ । पुसमा हुने भनिएको महासमिति बैठक काँग्रेसले फागुनका लागि पुनः सारेको हो ।

पटक-पटक विभिन्न बहानामा सर्दै आएको बैठक अब फागुन ७ देखि १० गतेसम्म गर्ने निर्णय भएको काँग्रेसले जनाएको छ । काँग्रेस केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबारको बैठकले सो निर्णय गरेको हो । सभापति शेरबहादुर देउवाले राष्ट्रिय सभा सदस्य निर्वाचन र जाडो यामलाई कारण देखाएर बैठक सार्ने प्रस्ताव गरेका थिए । यसअघि पौष १६-१९ मा गर्ने निर्णय भएको थियो । देशभरबाट महासमिति बैठकका लागि अढाई हजार महासमिति सदस्यहरु काठमाडौं पुग्नेछन् । महाधिवेशन पछिको शक्तिशाली बैठक हुने भएकाले पनि यसका लागि तँछाडमछाड हुने गरेको छ ।

यो बैठकले केन्द्रीय कार्यसमितिको निर्वाचन बाहेक महाधिवेशनले गर्ने सबै कार्यहरू गर्न सक्ने वैधानिक व्यवस्था भएकाले पनि यसको महत्व निकै छ ।

# लुम्बिनी प्रदेश : मन्त्रिपरिषद्लाई पूर्णता दिन अन्तिम तयारी, दुई मन्त्री थप्दै मुख्यमन्त्री चौधरी

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर २९/लुम्बिनी प्रदेश सरकारले मन्त्रिपरिषद्लाई पूर्णता दिन अन्तिम तयारी थालेको छ । मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले दुई जना मन्त्री थप गरेर मन्त्रिपरिषद्लाई पूर्णता दिन अन्तिम तयारीमा जुटेका हुन् ।


नेपाली काँग्रेस र माओवादीबाट मन्त्री बन्नेहरुको नाम टुङ्गो लगाएर मन्त्रिपरिषद् विस्तार गर्न लागिएको एक सांसदले बताए । भागबण्डा नमिल्दा मन्त्रीमण्डल बढाएर लैजान मुख्यमन्त्री चौधरीलाई दबाव रहे पनि दुई मन्त्री नियुक्त गरेर सरकार विस्तार गर्ने योजनामा उनी रहेका छन् । मुख्यमन्त्री चौधरी माओवादीलाई एक र काँग्रेसलाई एक मन्त्रालय दिएर सरकार विस्तार गर्ने गरी अगाडि बढेको ति सांसदले बताए । १० मन्त्रालय रहेको यस प्रदेशमा अहिले तीन मन्त्रालय रिक्त छन् । एउटा मन्त्रालय भने मूख्मन्त्री आफैंले राख्ने




मनसाय रहेको छ । एक/एक मन्त्रालयको भाग पाएका काँग्रेस र माओवादीले मन्त्रीको नाम टुङ्गो भने लगाएका छैनन् । माओवादीबाट कृष्णा केसी मन्त्री बन्ने सम्भावना प्रबल रहे पनि काँग्रेसबाट भने मन्त्री को हुने भन्नेबारे टुङ्गो लागि सकेको छैन । काँग्रेसमा आकांक्षीहरु धेरै भएपछि मन्त्रीको टुङ्गो लगाउन मुख्यमन्त्री चौधरी काठमाडौं पुगेको स्रोतले जनाएको छ । स्रोतका अनुसार कसलाई मन्त्री बनाउने भन्नेबारे नाम टुङ्गो लगाउन मुख्यमन्त्री काठमाडौं गएको र नाम टुंगोयाएर फर्केपछि मन्त्रिपरिषद्ले पूर्णता पाउने छ । मुख्यमन्त्रीमा चौधरीलाई समर्थन गरेका साना चार दलले मन्त्रालय बाँडफाँडमै भागबण्डा खोजेपछि जेठ ८ गते पहिलोपटक सरकार विस्तार भएको थियो । पहिलो पटकको विस्तारमा माओवादीका धनबहादुर मास्की अर्थ, काँग्रेसका राजु खनाल स्वास्थ्य, सानादलबाट जसपाका भण्डारीलाल अहिर कृषि तथा भूमि व्यवस्था, लोसपाका सन्तोषकुमार पाण्डे गृह, जनमतका चन्द्रकेश गुप्ता सामाजिक विकास र नागरिक उन्मुक्तिका धर्मबहादुर चौधरी भौतिक पूर्वाधार विकास मन्त्री बनेका थिए ।

सत्ता साझेदार दलभित्रै आ-आफ्नै अडान कायम राख्दा मन्त्रीपरिषदले पूर्णता पाउन नसकेको हो । सरकार गठन भएको सात महिना भन्दा बढी भइसक्दा पनि खानेपानी, उद्योग र वन मन्त्रालय मन्त्रीविहीन छन् । मुख्यमन्त्री चौधरी गत वैशाख १४ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए तर अहिलेसम्म सरकारले पूर्णता पाउन नसक्दा मन्त्रालयको कामकाज प्रभावित भएको छ । मन्त्रालय थपेर भए पनि सरकारलाई पूर्णता दिने तयारी रहे पनि सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसले मन्त्रालय नथप्न निर्देशन दिएपछि थप समस्या परेको हो ।

## पत्रकार पाण्डेयको निधन



**पाल्पा,** मंसिर २९/'रिपोर्ट नेपाल' अनलाइनका सम्पादक एवं क्रियाशिल पत्रकार महेन्द्रप्रसाद पाण्डेको ५३ वर्षको वर्षको उमेरमा निधन भएको छ । बिहीबार एक होटलमा विवाह समारोहमा सहभागी भएका पाण्डे अकस्मात विरामी भई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भएको हो ।

विवाहमा सहभागी भइरहेका बेला उनलाई असहज भएको थियो । विवाह समारोहमै वान्ता भएपछि उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भएको पारिवारिक स्रोतले जनाएको छ । गुल्मी घर भएका पाण्डेको शव पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा राखिएको छ । पोस्टमार्टमपछि मृत्युको कारण पत्ता लाग्ने चिकित्सकले बताएका छन् । तीन दशक लामो पत्रकारिता क्षेत्रमा क्रियाशिल पाण्डे विगत लामो समयदेखि काठमाडौंमा रहेर पत्रकारिता गर्दै आएका थिए । राजनीतिबाट पत्रकारिता क्षेत्रमा उदायका उनी नेपाल विद्यार्थी संघ गुल्मीका पूर्वसभापति समेत थिए । प्रजातन्त्र र राष्ट्रवादप्रति प्रतिवद्ध र जुझारु स्वभावका पाण्डेय अत्यन्त सहयोगी स्वभावका रहेको उनका साथीहरु बताउँछन् । पाण्डेका श्रीमती र दुई छोरी रहेका छन् ।

## सार्वजनिक सुनुवाइमा पूर्वखोला गाउँपालिकाको प्रगति विवरण

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २९/जिल्लाको पूर्वखोला गाउँपालिकाले सार्वजनिक सुनुवाइ गरी प्रगति विवरण सार्वजनिक गरेको छ । पालिकाले सार्वजनिक सुनुवाइमा चालु आर्थिक बर्षको प्रथम चौमासिक भित्र भएका कार्यक्रम, गतिविधि तथा आम्दानी खर्च सार्वजनिक गरेको हो ।




कार्यक्रममा गाउँपालिकाले श्रावणदेखी कार्तिकसम्म भएका कार्य प्रगती विवरण सार्वजनिक गरी जनतासँग राय सुझाव तथा गुनासाहरु संकलन गरी सम्बोधन गर्ने प्रतिवद्धता जनाएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले निमार्णाधिन प्रशासकीय भवनको ७५ प्रतिशत भौतिक प्रगति भएको, विरकोटमा निमार्णाधिन १५ शैयाको अस्पतालको काम ५५ प्रतिशत सकिएको, जल्पा स्वास्थ्य चौकीको ५५ प्रतिशत र सेर्कावास हेक्लाङ्ग मोटरबाटोको स्तरउन्नतीको काम सकिएको जानकारी गराएका छन् । उनले ४ महिनाको अवधिमा पालिका भित्रका स्वास्थ्यचौकीबाट ६ हजार ९ सय ६ जना नयाँ विरामी र १ हजार ७ सय ५३ जना पुराना विरामीले सेवा लिएको पनि बताए । पालिका भित्रका सबै बालबालिकाले नेपाल सरकारले तोकेका खोपहरु लगाएको, विद्यालयमा स्वास्थ्य शिक्षा सञ्चालन गरिएको, स्वास्थ्य चौकीमा महिनाको एक दिन मधुमेह चेकजाँचको शुरुवात गरिएको, ६९ जना सुत्केरीहरुलाई उपाध्यक्ष कार्यक्रममार्फत पोषक तत्वको रुपमा घ्यूउ वितरण गरिएको समेत प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । पालिका भित्र चालु आर्थिक बर्षमा ३ सय ३७ वटा योजना मध्ये ९ वटा सम्पन्न भएको, ४४ वटा सम्झौता भएको र २ सय ९३ वटा सम्झौताको चरणमा रहेका छन् ।

कार्यक्रममा प्रतिनिपधसभा सदस्य नारायणप्रसाद आचार्यले जनप्रतिनिधी, कर्मचारी सबैले जनतालाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्ने बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## रेमिट्यान्स बढ्दैमा खुसी न हौं

**रेमिट्यान्सको मुख्य स्रोत वैदेशिक रोजगार हो । विदेशमा पुगेका युवाले पठाएको उक्त रकमलाई विप्रेषण ( रेमिट्यान्स) भनिन्छ । आर्थिक परिदृश्यमा वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स पछिल्लो समय महत्वपूर्ण अर्थतन्त्रको अस्थाई टेकोको रूपमा रहँदै आएको छ । चालु आर्थिक वर्षको चार महिनामा रेमिट्यान्स बढेको देखिन्छ । नेपाल राष्ट्र बैंकले साउनदेखि कार्तिकसम्मको सार्वजनिक गरेको वित्तीय प्रतिवेदन अनुसार २६ दशमलव चार प्रतिशतले रेमिट्यान्स बढेको छ । चार खर्ब ७७ अर्ब ९६ करोड बराबरको (विप्रेषण) रेमिट्यान्स मुलुक भित्रिएको हो । यसलाई राम्रै मान्नुपर्छ तर नेपाली युवाहरुले विदेशमा पसिना बगाएर पठाएको रकमलाई भने सरकारले 'आर्थिक स्थिति सुध्रेको' रुपमा अर्थ्याएर जश लिन खोज्नु चाहि राम्रो होइन । सरकारले आन्तरिक आम्दानीको स्रोतलाई बढाउन नसक्ने तर विदेशमा दुख गरेर पठाएको रकममा मख्ख परेर अर्थतन्त्र सुधार गरियो भन्नु गलत हो । लक्ष्य अनुसार राजस्व उठेको छैन, सरकारले काम गरिसकेका निर्माण व्यवसायीलाई भुक्तानी दिएको छैन, मूल्य वृद्धि नियन्त्रण गर्न सकेको छैन, रोजगारी सिर्जना गर्न सकेको छैन र यी लगायत गर्नुपर्नेजति सरकारले गर्न सकेको छैन । बरु मुलुकले थेग्न नसक्ने गरी संघीय सरंचनाहरु बनाइएको छ । आन्तरिक स्रोतबाट मात्रै सरकारलाई तलव, भत्ता खुवाउन हम्मे हम्मे पर्ने गरेको छ । यस्तो अवस्थामा सरकारबाट विकास र समृद्धिको के आश गर्ने ? अहम् सवाल यही हो । संघीयताले के दियो त ? केवल राजनीतिक दलका नेता र तिनका कार्यकर्तालाई जागिर । यो बाहेक देखिने गरी, सुनिने गरी त केही दिएको छैन ।**

**युवा जनशक्ति गाउँबाट पलायन हुँदा गाउँका पाखापखेरा बाँझिने क्रममा छन् । काम गर्न सक्ने क्षमता भएका जनशक्तिहरु विदेशिँदा वा सहरतिर पलायन हुँदा कृषि उत्पादन दैनिक रुपमा घट्दो अवस्थामा छ । देशमा उत्पादन नहुँदा हरेक उपभोग्य वस्तुका लागि विदेशमा भरपर्नु पर्ने बाध्यता छ । विप्रेषण रकम सरकारको ढुकुटीमा जाने होइन । त्यसले त केवल वैदेशिक मुद्रा सञ्चितीको परिमाणलाई इंगित गर्छ र अधिकांश विप्रेषण उपभोगमा खर्च हुन्छ । यसले विदेशी मुद्राको सञ्चिती बढाएर भारतलाई डलर तिरेर चामल आयात गर्न भने सहज भएको छ । त्यसैले वैदेशिक रोजगारी स्थायी समाधान होइन । सबै नेपाली नेपालमै बसेर काम गर्ने, आफ्ना बाबुआमाको सेवा गर्ने अवसर पाउनुपर्छ । त्यस्तो वातावरण सरकारले निर्माण गर्नुपर्छ । स्वदेशमै उद्योग कलकारखाना खोली प्रसस्त आम्दानीका स्रोतहरु बढाउनु पर्छ नकि रेमिट्यान्स बढ्दैमा खुसी हुने हैन ।**

### Opinion @ Social Network

जिउँदो हुँदा सम्म हो अरुको सानो कुराले मन दुख्ने,
मरेपछि त आगोले पोल्दा पनि दुख्दैन ।
*(शिव कार्कीको फेसबुकबाट https://www.facebook.com.Karki Jii)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कौटिल्यको अर्थशास्त्रमा राज्यकोषको क्षय



**स्वयम्भुनाथ कार्की**

*न्याय, सामाजिक व्यवहार, दण्डनीति जस्ता सुशासनको निमित्त आवश्यक विषयमा पनि निर्देशन गरेको छ । धर्म तथा युद्धजस्तो विषम विषयमा विवेचन र निर्देशन गरेको छ । यी विषयलाई व्यावहारिक रूपमा प्रयोग गर्न विभिन्न तरिका प्रतिपादन गरेको छ । सम्भवतः यहाँ प्रतिपादन शब्द त्यति उपयुक्त नहोला त्यसैले परिमाजन गरेको छ भन्न उपयुक्त होला । यी विषयमा कौटिल्यको नीति पूर्वीय चिन्तनको पछिल्लो कडी हो । करिब अढाई सहश्राब्दि पहिलेको कौटिल्यको यो चिन्तनपछि अर्को पूर्वीय चिन्तन भएको भेटिँदैन । पहिलेका शुक्राचार्य बृहस्पति जस्ता ऋषिहरूले अ-आफ्नो नीति प्रतिपादन गरेका थिए । विदुर, भीष्मलगायत धेरैले राज्य सञ्चालन, राज्यको चरित्र लगायत विषयमा आ-आफ्नो मत प्रकट गरेका थिए । ईश्वी सम्वत् आरम्भ हुनुभन्दा पुगनपुग चार शताब्दि पहिले कौटिल्यको समय थियो । त्यसबेला नन्दवंशका राजा धनानन्दलाई पराजित गरेर चन्द्रगुप्तलाई चक्रवर्ती सम्राट बनाउन उनको प्रमुख भूमिका थियो । उनको युद्धनीतिले राज्य प्राप्त गर्न सकेपछि सुशासनको निमित्त लेखिएको अर्थशास्त्रले राज्य प्राप्ति, सञ्चालन तथा सुशासनका विभिन्न विधि परिमार्जित रूपमा एकत्रित गरेको भेटिन्छ ।*

कौटिल्यको अर्थशास्त्र अचेलको अर्थशास्त्रको केवल अर्थशास्त्रमात्र होइन । सही अर्थमा यो व्यावहारिक राजनीतिशास्त्र हो । यसले शासनकला, कूटनीति आदि राजनीतिक विषयमा कार्यनिर्देश गरेको छ । अर्थनीति त नाम अनुसार पनि हुने नै भयो । न्याय, सामाजिक व्यवहार, दण्डनीति जस्ता सुशासनको निमित्त आवश्यक विषयमा पनि निर्देशन गरेको छ । धर्म तथा युद्धजस्तो विषम विषयमा विवेचन र निर्देशन गरेको छ । यी विषयलाई व्यावहारिक रूपमा प्रयोग गर्न विभिन्न तरिका प्रतिपादन गरेको छ । सम्भवतः यहाँ प्रतिपादन शब्द त्यति उपयुक्त नहोला त्यसैले परिमाजन गरेको छ भन्न उपयुक्त होला । यी विषयमा कौटिल्यको नीति पूर्वीय चिन्तनको पछिल्लो कडी हो । करिब अढाई सहश्राब्दि पहिलेको कौटिल्यको यो चिन्तनपछि अर्को पूर्वीय चिन्तन भएको भेटिँदैन । पहिलेका शुक्राचार्य बृहस्पति जस्ता ऋषिहरूले अ-आफ्नो नीति प्रतिपादन गरेका थिए । विदुर, भीष्मलगायत धेरैले राज्य सञ्चालन, राज्यको चरित्र लगायत विषयमा आ-आफ्नो मत प्रकट गरेका थिए । ईश्वी सम्वत् आरम्भ हुनुभन्दा पुगनपुग चार शताब्दि पहिले कौटिल्यको समय थियो । त्यसबेला नन्दवंशका राजा धनानन्दलाई पराजित गरेर चन्द्रगुप्तलाई चक्रवर्ती सम्राट बनाउन उनको प्रमुख भूमिका थियो । उनको युद्धनीतिले राज्य प्राप्त गर्न सकेपछि सुशासनको निमित्त लेखिएको अर्थशास्त्रले राज्य प्राप्ति, सञ्चालन तथा सुशासनका विभिन्न विधि परिमार्जित रूपमा एकत्रित गरेको भेटिन्छ । त्यति प्राचीन ग्रन्थ सामान्य परिमार्जनसहित वर्तमानमा पनि उत्तिकै सान्दर्भिक हुनुले पूर्वीय दर्शन, चिन्तनको गहिराइ देखाउँछ ।

वर्तमानमा राजनीति नै सबै नीतिको नियन्त्रक हो भन्ने सोच पाइन्छ । यस सोचविपरीत अर्थशास्त्र र अर्थिक व्यवहारको नीति अर्थनीति सबै नीतिको नियन्त्रक हो भन्ने मान्यता पूर्वीय चिन्तक दार्शनिकहरूको रहिआएको छ । धेरै पनि कार्ल मार्क्सले अर्थतन्त्रको महत्व र यसको नियन्त्रक गुणलाई आत्मसात गरे अनि त्यसको चिन्तन गरे । कम्युनिष्ट सिद्धान्तको आधारशिला त्यही कार्ल मार्क्सको सोचमा आधारित 'दास क्यापिटल' अर्थात् 'पुँजी' नामक ग्रन्थ मानिन्छ । राज्यको भनियोस् कि राजा वा शासकको स्थिरता राज्यकोषमा रहेको हुन्छ । कौटिल्यको अर्थशास्त्रको २४/८/१ मा भनिएको छ कि कोष अर्थात् राज्यकोषमा सबै कार्य हुन्छन् । त्यसैले पहिलो ध्यान कोषमै हुनुपर्दछ । राज्यकोषको अवस्थाले राज्यको शक्तिको मापन गर्दछ । राज्यको यो कोष बढ्ने कामहरू पनि निर्दिष्ट छ । निश्चित रूपमा राष्ट्रको सम्पत्ति बढेमा राज्यकोष बढ्छ । राज्य, जनता अनि भूगोल अर्थात् देशको समिष्टि नाम राष्ट्र हो । त्यसैले भनिएको छ राज्यकोष बलियो बनाउन राष्ट्रको सम्पत्ति बढाउनुपर्दछ । राष्ट्रको चरित्रमा ध्यान दिनुपर्दछ अर्थात् राष्ट्रिय चरित्र निर्माण गर्नुपर्दछ । यो निर्माण भनेको राष्ट्रका अवयवले आफूहरूको समुच्चयले राष्ट्र निर्माण भएको बुझेर त्यसनुसार चरित्र निर्माण गर्नुपर्दछ । चोरीचकारी रोकथाम गर्नुपर्दछ, कर्मचारीको घुषखोरी प्रवृत्ति रोकथाम गर्नुपर्दछ । बाली उब्जनी बढाउनुपर्दछ । व्यापारयोग्य वस्तुहरूको उत्पादन बढाउनुपर्दछ । उत्पातबाट जोगाउनुपर्दछ, यस्ता उत्पात प्राकृतिक तथा मानवजन्य दुवै हुन सक्छन् । उचित समयमा कर उठाउनुपर्दछ, विभिन्न तरिकाले प्राप्त हुने हिरण्य आदि उपहार ग्रहण गर्नुपर्दछ । यसरी संकलित राज्यकोषमा हुने क्षतिको बारेमा उल्लेख भएको छ । राज्यकोष घट्ने कारण राज्यले गर्नुपर्ने र गर्ने खर्च हो भने आन्तरिक धमिरासरह राज्यकोषको उपयोगले हुने क्षति हो । खर्च राज्यको जानकारीमा राज्य सञ्चालनको निमित्त आवश्यक व्यय हो । क्षति राज्यको जानकारीबाट लुकाएर राज्यको सञ्चालनका निमित्त नभई अन्य कारणले हुने व्यय वा लापरबाहीले हुने ह्रास हो । यस्तो ह्रासलाई कौटिल्यले आठ किसिममा विभाजन गरेका छन् । उनले दिएका ती नामहरू हुन १. प्रतिबन्ध २. प्रयोग ३. व्यवहार ४. अवस्तार ५. परिहायण ६. उपभोग ७. परिवर्तन र ८. अपहार । यो विषय वा प्रसंगमा यी शब्दका सामन्य अर्थहरू संकुचित भएका छन् । प्रतिबन्ध वर्गीकरणलाई थप तीन किसिममा वर्गीकरण गरिएको छ । पहिलो राजकर असुली नगर्नु, दोस्रो असुली गरेर पनि आफ्नो अधिकारमा नराख्नु, तेस्रो आफ्नो अधिकारमा राखे पनि त्यसलाई राज्यकोषमा जम्मा नगर्नु । तजबिजी अधिकारको कल्पना गरेर कर नै असुल नगर्ने छुट दिएको पाइँदन । अनि कर असुल गरेर पनि त्यसलाई हिसाबमा नदेखाउने कामहरू दण्डनीय मानिएको छ । यस प्रकारको काम गर्नेलाई कोषको जति क्षय भएको छ त्यसको १० गुणा जरिवाना गर्ने निर्देश गरिएको छ । अर्को प्रयोग वर्गीकरण राज्यकोषको धन आफ्नो हितका निमित्त लेनदेन गरेर बढाउनु वा बढाउने प्रयत्न गर्नु । तेस्रो वर्गीकरणको व्यवहार अन्तर्गत राज्यकोषबाट आफ्नो हितको निमित्त व्यापार गर्नु । सम्भवतः यी दुई प्रकारमा राज्यकोषको रकम केही समयलाई मात्र क्षय हुने भएकाले हुनसक्छ प्रतिबन्धभन्दा कम सजाय तोकिएको छ, चलाएको रकमको दुई गुणा जरिवाना । अवस्तर भने कर अधिकारीको भ्रष्ट आचार हो । घुष लिने मनसायका साथ निश्चित समयमा कर असुली नगर्नु । पछि म्याद नाध्ने अन्य सजाय हुने डर-त्रास देखाएर आफ्नो निमित्त धन जम्मा गर्नुजस्ता काम यस वर्गीकरणमा परेका छन् । यसका निमित्त पाँच गुणा जरिवानाको प्रवाधन राखिएको छ । परिहायण वर्गीकरण भने कोषका अध्यक्षको अकुशल व्यवस्थाको कारणले करको आय घट्ने अनि व्ययभार बढ्ने कारणले हुने कोषको क्षय हो । वर्तमानमा कोषको व्यवस्था र त्यससम्बन्धी नीतिनियम अर्थमन्त्रालयले बनाउँछ र त्यसको प्रमुख निसन्देह अर्थमन्त्री हुन्छ । यस किसिमको क्षयमा कुनै सजाय नै नतोके पनि त्यसको रोकथाम भनेको अकुशललाई कुशल बनाउने हो । चाहे त्यस्तो बनाउन उसलाई सिक्ने जान्ने अवसर दिने होस् वा त्यसलाई बदल्ने हा तर कोषको क्षय भने भइरहन दिन अनुपयुक्त हुने भएकाले यस प्रकारको क्षय उल्लेख भएको मान्न सकिन्छ । उपभोग वर्गीकरणमा राज्यकोषको हिनामिना भन्न सकिने अवस्था परेको छ । राज्यकोष आफैंले भोगचलन गर्ने वा अरूलाई भोगचलन गर्न दिने कामलाई यस वर्गीकरणमा राखिएको छ । यस किसिमको क्षयलाई कठोर दण्डको विधान गरिएको छ । उपभोगद्वारा गरिएको अपचलनको धनको किसिम वा मात्रानुसार प्राणदण्ड, जेल सजायदेखि जरिबानासम्म तोकिएका छन् । त्यसबेला वस्तु नै पनि कोषमा रहने भएकाले रत्न आदिको उपभोगको निमित्त प्राणदण्ड, सार द्रव्यको निमित्त मध्यम सहास भनिने दण्ड, फल्गु र कुप्य द्रव्यको निमित्त बिगो जफत गरेर बिगो बराबरको दण्ड व्यवस्था उल्लेख छ ।

परिवर्तन वर्गीकरणमा भने राज्यको कोषका वस्तुहरू साट्ने कामलाई लिइएको छ । राम्रो वस्तुसँग नराम्रो वस्तु साट्ने यस्ता काम गर्नेलाई उपभोग वर्गीकरणमा परेको कामलाई जस्तै सजायको प्रावधान राखिएको पाइन्छ । अपहार वर्गीकरणमा भने हिसाबमा गडबडी गर्ने कामलाई लिइएको छ । प्राप्त आय खातामा नचढाउने काम, नियमित व्यय अर्थात् खर्चलाई हिसाबमा चढाउने तर त्यो काममा खर्च नगर्ने । उपहारलगायत कोष तथा वस्तु प्राप्त भए पनि प्राप्त नभएको भनेर छल गर्नु यस वर्गीकरणअन्तर्गत परेका छन् । यस्तो क्षय गर्नेलाई भएको हानीको १२ गुणा दण्डको विधान गरिएको छ । यस किसिमको आर्थिक अपराध राजा अर्थात् शासकले आफूलाई शंका लागेमा अर्थात् शंकाको भरमा पनि अनुसन्धान गर्नुपर्दछ । कसैले गरेको उजुरीका आधारमा गरिएको छानविनमा अपराध प्रमाणित भएमा उजुरी गर्ने वा अनुसन्धानमा सघाउने व्यक्तिलाई पुरष्कारको पनि प्रावधान गरेको पाइन्छ । अन्यलाई बरामद भएको धनको छैटौं भाग र कर्मचारलाई बाह्रौं भाग पुरष्कारको प्रबन्ध गरिएको छ । झुटा उजुरी गरेको पाइएमा वा अनुसन्धानको क्रममा ढाँटेको पाइएमा त्यसलाई पनि सजायको व्यवस्था गरिएको पाइन्छ । यस क्रममा जनताको हानी भएको भए त्यसको क्षतिपूर्ति राज्यले गर्नुपर्ने प्रावधान रहेको भेटिन्छ । यी सबै कुरा अढाई सहश्राब्दी अर्थात् अढाई हजार वर्षपछि पनि सान्दर्भिक छन् । सजायको मात्रा फरक पर्न सक्ला तर अपराधलाई भने क्षमा दिइनु हुँदैन भन्ने कौटिल्यको मान्यता रहेको छ । पहिले जस्तो उत्पादनको प्रमुख स्रोत कृषि अहिले नहुन सक्छ । वस्तु नै करको रूपमा हुनुभन्दा नगद हुने गर्दछ तर यसले राजकोषबाट आर्जन गरिएका हरेक वस्तु राजकोषमा रहेका वस्तुसरहका हुन् भन्न सकिन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :बन्धु-बान्धवबाट सहयोग मिल्नेछ। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । | **तुला** : भेटघाट र मनोरञ्जनमा सहभागिता भइएला । वैदेशिक कार्य अघी बढ्नेछ । |
| **वृष** : आज प्रिय व्यक्तिसँग भेटघाट होला मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । | **वृश्चिक** : सामान हराउने वा चोरी हुने भयछ । साँझमा मन प्रसन्न रहनेछ । |
| **मिथुन** : विद्यामा सफलता पाइएला । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **धनु**:सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ । |
| **कर्कट** : मनोरञ्जनमा लाग्दा अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **मकर** :प्रतिष्ठा कमाउनुको साथै सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **सिंह** : व्यापार व्यवसायमा फाईदा होला । वाहान सुख मिल्नेछ । | **कुम्भ** : लाभहानी, आयव्यय, सुखदुख बराबरी मध्यम खालको दिन छ । |
| **कन्या** : नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ। | **मीन** :अनुहारमा कान्ति र मनमा शान्ति छाउला । प्रेमीको सहयोग पाईनेछ । |

# साहित्य दर्पण

विचार — डा. विदुर चालिसे

## लघुकथामा सम्प्रेषणको प्रयोग

वर्तमान नेपाली साहित्यमा लघुकथा लेखनको अवस्था निकै अगाडि बढेको छ । यो खुसीको कुरा हो । नेपाली साहित्य लेखनका क्षेत्रमा लघुकथा कान्छो विधाको रुपमा रहेको देखिएको भए तापनि यसबारे हुने गरेका विभिन्न कोणका चिन्तन मनन ज्यादै कम मात्रामा रहेको छ । यस सम्बन्धमा साहित्यिक लेखकमार्फत पाठक वा पाठकको अनुभूतिमा लेखकको ज्ञानको एकाकार चित्र प्रस्तुत गर्न सम्प्रेषण प्रक्रियाका सन्दर्भ प्रयोगलाई आई. रिचर्डसले सम्प्रेषण सिध्दान्त (कम्युनिकेशन थ्योरी) का रूपमा उल्लेख गरेको पाइन्छ । उनकाअनुसार साहित्यमा कुनै सैटनाभित्रका क्रिया (कार्य)हरूको सामन्जस्यताबाट नै लेखकको प्रतिभा, समीक्षकको निरिक्षण र पाठकले प्राप्त गर्ने उपयोगिताका साथै समग्र ज्ञानको अवधारणामा पुगिन्छ । यस्तै लघुकथा साहित्यको मूल्यधारणमा पनि सम्प्रेषण सैध्दान्तिक प्रणालीको माध्यमबाट लघुकथाको प्रभावकारिता समेत पुष्टि हुन्छ ।

उपयोगिताको आधार र प्रभाव मनोवैज्ञानिकताको उद्‌बोधनका साथमा प्रकट हुने मानसक्रियाका अनुभूतिबाट सिद्धान्तका स्व:स्फूर्त कल्पनामा पुगेपछि त्यसलाई साहित्यमा जस्तै लघुकथामा पनि त्यति नै मात्रामा प्रयोग गर्न सकिन्छ । विधागत महत्ताका कडीमा साहित्यका अन्य विधामा जस्तै लघुकथाको प्रभावकारी सम्प्रेषण पनि त्यसरी नै उन्नत रहन्छन् । कार्यहरूको विशेष निरिक्षण र प्रकार्यहरुलाई मानवीय सैटनामा आधारित रहेर मानव जगतको उन्नयनका लागि साहित्यको हेतु प्रकट गरिनेहुँदा लघुकथाको प्रयोजनीय हेतु पनि मानव सापेक्ष सन्देशको उन्नयनमा गएर अनिवार्य रुपमा प्रकट हुने गर्दछ । मनोविज्ञानको परिचालन विशिष्ट रुपमा मानव जगतको विशेषधिकारभित्र रहेको तथ्यलाई मनन गर्दा मानवेत्तर प्राणीमा यसप्रकारको साहित्य सम्प्रेषणको योग्यता अन्य प्राणीहरुले राखेको पाइँदैन । विषयवस्तु एवं घटना, पात्र, परिवेश एवं दृष्टिविन्दुमा प्रयोग हुने द्वन्द्वका उभार पनि मानव र मानीकरणको सार संक्षेपमा कल्याणकारी भूमिकामा नै देखिन्छ । सम्प्रेषण सिद्धान्तलाई सैटनाका आधारमा प्रभाव पार्ने बाहिरी वस्तुहरूमा पनि लागू गर्न सकिन्छ । तथापी विधागत स्वरुप (बाह्य एवं आन्तरिक)मा प्रभाव पार्न बनेको आधार के ? भन्ने सन्दर्भमा लेखक, समीक्षक या समालोचक एवं पाठक दुवैमा यसको आँकलन र अनुमान यथातथ्यको नजिक र सत्यको प्रकाश गर्ने कर्ममा आधारित हुनुपर्दछ । के साहित्यले साँच्चै नै मनका अवस्थाहरूलाई घटित पार्न सक्तछ ? जस्ता प्रश्नहरूको उत्तर दिनका लागि आई.ए. रिचर्डसले- 'उपयोगिताको विचारबाट साहित्यले कसरी उपयोगिताको सिर्जना गर्नसक्छन् ?' र 'पदहरूले कसरी पाठकको फदयमा महत्वपूर्ण मनोवैज्ञानिक अवस्थाको सिर्जना गर्नसक्ने अभिवृत्तिहरू सम्प्रेषित गर्न सक्छन्' भन्नेतर्फ चिन्तन गरेको पान्छन् । यसैले साहित्यका अन्य विधामा भैंm लघुकथामा पनि अर्थ र सम्प्रेषणका यावत् समस्याहरूको प्रारम्भ यहींबाट हुन्छ । यसका कार्यकारण रुपमा प्रकट हुने पठन क्रियाका अनुभूतिजन्य तरङ्गहरुमार्फत प्रारम्भिक प्रणालीका प्रत्यक्ष तरङ्गबोधको आफ्नो बुझाइ व्यक्त गर्न पुग्दछन् । सांकेतिक परिघटना, दृश्य वा अवस्थाहरुले लघुकथाको मार्मिक उद्देश्यलाई संकेत गरेको हुन्छ । सम्प्रेषण सिध्दान्त मानव जगतको मनोआकाङ्क्षी प्रशारणको साधन भएकोले यसमा प्रयुक्त हुने भाव वा विचारका साथै आयाम, संरचना, सैद्धान्तिक अवधारण एवं तत्व घनीभूत प्रयोगको भूमिका पनि त्यत्तिकै आवश्यक रहन्छ । लघुकथा कृतिले पाठकमा एक प्रकारको मनस्थितिको सिर्जना गर्नुपर्छ भने समीक्षा या समालोचनात्मक पाठ्यशक्तिले ग्यानको नयाँ उर्जा उत्पादन गरेको हुनुपर्छ । यसै सन्दर्भमा आई.ए रिचर्ड्सले साहित्यिक आलोचना र अर्थविज्ञानका बिच सम्बन्ध स्थापित नभई साहित्यमा सम्प्रेषणको गरिमा र उत्कर्ष कायम हुन नसक्ने कुरा बताएका छन् । साहित्यिक रुपमा प्रतिभाको मनबाट कथिने लघुकथा एक कथ्यता संसक्ति भएको विभिन्न स्तरको बुनौटमा तयार हुने कल्पना स्वरुपको ढाँचा हो । त्यसैले कल्पनामूलक साहित्य के हो ? भन्ना साथै लेखकको प्रस्तुती क्षमता र प्रभावकारिताको मापन सिर्जित रचनाबाट हुनपुग्छ । शैलीय प्रभाव वा विषयवस्तुमाथि रहेको प्रचलित धारणा एवं लेखकीय र पाठकीय बुझाइले भाषाको प्रभावकारिता कस्तो प्रयोग गरिएको छ भन्ने आधार तथार हुन्छ । बोधगम्यता र अबोधगम्यताको शैलीय स्वरुपमा लघुकथामा पनि मनोवैज्ञानिक चेतहरु भाषिक प्रयोगबाट सिर्जनाका कार्यकारण आधारमा अग्रसरण भएर आएका हुन्छन् भने तिनै अग्रसरण भएका सघटनाहरू प्रभाव योग्य बन्न सक्दछन् । लघुकथाको सन्दर्भमा प्रयोग हुने गुरुत्वपूर्ण भाषिक छनौट र प्रयोगले लघुकथाको सम्प्रेषणीतालाई निकै नजिकबाट आत्मसात् गरिरहेको छुन्छ । त्यसैले सम्प्रेषण सिध्दान्तले लेखक र पाठकको बिचको आत्मअनुरागको अवसरलाई अरु विधामा भैंm मूल्यबोधमा लगेर छोडिदिन्छ । लघुकथा प्रशारणमा पाठकसँगको बोध एवं अबोधगम्यताको भिन्नतामा यसका विशेष कार्य र उपयोगिता के हुन् ? भन्ने विषयमा स्पष्ट निचोडमा आइपुग्नका लागि मूलत लेखक र सामान्यत पाठकमा प्रस्तुत विषयको सामान्य अनुसन्धान प्रक्रिया, कल्पनामूलक साहित्यको सन्तोषजनक प्रष्टता एवं कृतिले लेखकमा रहेको एक प्रकारको मनोवैज्ञानिक सन्तुलनलाई जनाएको हुनुपर्दछ ।

सम्प्रेषण सिध्दान्तअनुसार साहित्यिक विधाको ज्ञानार्जनका लागि ग्रहण गर्न लेखकले सन्तुलित धर्मको रचना प्रक्रिया एवं उपयोगी विषयको प्रकटीकरण र पाठकले आफ्नो क्षमताअनुसारको अभिधारणामार्फत आत्मसात गर्नु यसको प्रबल पक्ष हो । त्यसैले लेखकले ''कसरी उचित तरीकाले लेख्ने ?' तथा 'पाठकले 'कसरी उचित तरीकाले पढ्ने ?' भन्नेकुरा थाहा पाएमा सम्प्रेषण सिध्दान्तले परिभाषित गर्न खोजेको गुरुत्वपूर्ण मूल्य लघुकथाको क्षेत्रमा पनि प्राप्त गर्न सकिन्छ । लेखक र पाठकको बिचमा कायम हुने ज्ञान, विवेक, शैलीयता, विषयवस्तुको गहिराइको पहिचान र कोमल भाषिक चयनको सन्तुलनले नै साहित्यका साथै लघुकथाको सम्प्रेषण गर्नमा मुख्य भूमिका रहेको हुन्छ । यसै सन्दर्भमा उचित तरीकाले पढ्ने भन्ने शर्त पनि अतिमहत्वपूर्ण रहन्छ, । उचित बोधक्षमताको उपलब्धी पठन प्रक्रियाबाट मात्रै पाइनेहुँदा कुनै पनि कृतिको वास्तविक उपयोगिता (मूल्य) प्राप्त गर्न त्यसभित्रको आत्मशक्तिलाई छिचोलेको हुनुपर्छ । त्यसै कारणले साबधानी तथा संवेदनशीलताका साथ पठन गर्ने शैली या पद्दतिले उपयुक्त शिक्षा (सन्देश) आर्जनमा बल पुग्छ । आधुनिक समालोचना गर्नमा समेत यस प्रकारका प्रयास र बानीहरुले निकै ठूलो प्रभाव पारेको हुन्छ । यस्तो प्रकारको प्रयत्नबाट लघुकथाको क्षेत्रमा गरिने समालोचकीय दृष्टिकोणहरु मूल्यवान भएर आउँछन् । यस अवस्थामा सतही भन्भटबाट मुक्त भई लघुकथाको आलोकीय बैशिष्ट्यमा समालोचकीय धर्मको गुरुत्व प्राप्त हुने गर्दछ । लेखकबाट पाठकमा हुने विचारको सम्प्रेषण प्रणालीका लागि प्रत्यक्ष सम्बन्धमा पाठक र समालोचकमा व्यवधान खडा गर्ने स्वाभाविक कठिनाइहरू रहन्छन् । कठिनाइहरूलाई जित्नको निम्ति लेखकले प्राय: आफ्ना लेखलाई प्रारम्भदेखि नै पाठक र आफ्नो बिचमा सामीप्य ल्याउने प्रयत्न गर्न सम्प्रेषणको आधारलाई मनोवैज्ञानिक स्व:सामीप्यतालाई आत्मसात गर्दै ममन गर्नुपर्दछ । प्राय: गफगाफबाट मैले भन्न लागेको कुरा सुन्न योग्य छ भन्ने विश्वास दिलाउनुभन्दा पाठकलाई आफ्नो विश्वास पात्र बनाएर समालोचनाको गुणवतालाई हासिल गर्न समालोचक प्रयत्नशील हुनुपर्दछ । समालोचकका लागि पाठकसँग सामीप्यता ग्रहण र वचन सम्प्रेषण -स्थापना गर्नका लागि सहयोगी हुने दुई मुख्य शक्ति हुन् । कहिलेकाँही लेखक र पाठकबीच कायम हुने सम्बन्ध कागजका पानामा कोरिएका शब्दहरू मात्रै पनि बन्न पुग्छन् । ती शब्दहरूका अर्थले लेखकको आशय सकेसम्म जस्ताको तस्तै पाठकको मनमा सार्न या अनुचित्रित गर्न नसक्दा कुनै प्रभावकारी अर्थ उत्पन्न भएको हुँदैन । विधागत समायोजनको सरलीकरणका लागि पाठकको फदयलाई समात्न सकेमा मात्रै लेखकको विश्वास र पाठकको मन जित्न समालोचकले सकेको अनुभूति हुन्छ । नत्र समालोचनात्मक लेखले लेखकसँग समालोचकीय प्रभुत्वको प्रभावलाई ग्रहण गर्दैन । लेखक र पाठकको बिचमा फदयत विधागत वर्णनको विषयको अनुभूति हुँदैन । लेखकसँगको मैत्रीभावको अनुभव र पाठकबोधको प्रत्यक्ष आँकलन भएको अवस्थामा सन्तोषप्रद सम्प्रेषण भएको ठान्नुपर्दछ एवं लघुकथाको समालोचकीय धर्म प्रकट भएको मान्नुपर्दछ । पाठकलाई दिक्क लाग्ने या उसलाई कृति निरर्थक लाग्ने भएमा वा भरपर्दो लागेन भने वा लेखकका शब्द र विचारहरूप्रति मैत्रीभाव जागेन भने सम्प्रेषण असफल भयो भन्ने मान्नुपर्छ । यसका लागि समालोचकले आफुले गर्ने गहन विधागत साहित्यिक सर्बेक्षण एवं विश्लेषणमार्फत समिक्षीत वा समआलोचित विषयको व्याख्यानको गहिराइमा पुग्नु जरुरी हुन्छ ।

मनोवैज्ञानिक संवेग र विषयवस्तुमा रहेको उन्नत आवेगले सम्प्रेषणमा प्रभाव पार्ने कुरा आई.ए. रिचर्डसले उल्लेख गरेका छन् । सम्प्रेषण जति प्रभावकारी भयो त्यति नै मात्रामा त्यसको प्रभाव मानिसको मनमा गहिरो छापको रुपमा रहेको हुन्छ, । सम्प्रेषणको प्रभाव र प्रस्तुतीको गहिराइले नै साहित्यिक विधाका सबै विधाहरुलाई उच्चप्रतिफलको उचाइतर्फ पुर्याउँछ । यसैले लघुकथा एक सानो आयामी धर्ममा रचना हुने एवं आफ्नै विशिष्ट अधिकार बोकेको विधा भएकोले संक्षिप्तताको सन्देशमार्फत पाठकलाई समाज सापेक्ष प्रतिफलका लागि लालायित गर्दछ । लघुकथामा प्राय लेखकले प्रतिकूलताको विरुध्द अनुकुलताको अपेक्षाको कथनी प्रयोग गरेको हुन्छ । तथापी अनुभूति र आदर्शमा सम्प्रेषण भएको अवस्थामा पाठकले यसलाई न्यूनतम रुपमा ग्रहण गर्दछ । लघुकथाका क्षेत्रमा कलम चलाइरहेका आजका केही लघुकथाका समालोचक, समीक्षक र सिध्दान्तकारहरु के भन्दछन् भने प्रत्येक व्यक्ति आफ्नो छुट्टै संसारमा बाँचेका हुँदैनन् । उसका कुनै पनि दुइटा संसार उस्तै पनि हुँदैनन् । कलाको उद्देश्य तिनीहरू बिच सम्प्रेषणको स्थापना गर्नु हो तापनि अन्य समालोचकहरूमा कलाका सबै उद्देश्यको सम्प्रेषण नहोस भन्ने चाहन्छन् ।

*-समकालीन साहित्य डटकम*

कथा — देबि अदृश्य

## भाँडा हान्ने सर्टिफिकेट

'म'सँग प्राथमिक, निम्न माध्यमिक र, माध्यमिक तहको "स्थायी अध्यापन अनुमतिपत्र" छ । "अधिवक्ताको लाइसेन्स त मैले चार वर्ष अगाडि नै निकालिसकेको हो नि !" भन्दै चिया गफमा फुर्किने मेरो साथी 'सोमे' उर्फ सोमराज र 'म' पनि त्यै ड्याङको मुला 'अध्यापन अनुमति पत्र' र 'अधिवक्ताको लाइसेन्स' कतै कुनामा थन्क्याएर भाँडा हान्ने काममा व्यस्त छौं । फरक त्यति हो, काम एउटै भाँडा हान्ने भए पनि धरातल छुट्टै, ऊ अस्ट्रेलिया म र क्यानडा । सोमे र मेरो 'फेसबुक' प्रोफाइल कसैले खोतलेर हेर्यो भने 'माँ कसम' जसले पनि विद्वान भन्छ नै ! काठमाडौं उपत्यकाका करिब-करिब सबै क्याम्पस पढेको त्यो पनि ५/७ वटा विषयमा डिग्री गरेको सजिलै अनुमान गर्न सकिन्छ । 'रत्न राज्य क्याम्पस' (R.R.) वा 'नेपाल मानविकी क्याम्पस'को 'एम.ए.इन इङ्गिलस लिट्रेचर', नजिकै 'नेपाल ल क्याम्पस'को 'एल.एल.बि', पाटन संयुक्त क्याम्पसको 'एम.ए. इन रुरल डिभलपमेन्ट', र कीर्तिपुर केन्द्रीय क्याम्पसको 'एम.ए.इन पोलिटिकल साइन्स' मेरो फेसबुके प्रोफाइलमा देखिने डिग्री हुन् ।

जसमध्ये 'R.R.को इङ्गिलस र ल क्याम्पस'को L.L.B. निमा आन्टीसँगको एक राते सहवासले कनीकुथी कटाएका डिग्री हुन् । नभुक्किनुस् यार ! निमाको गेसपेपर परीक्षाको अघिल्लो दिनको रातमा पढेर कटाएका हुन् भन्या ! अरू फेसबुके डिग्री त सब बकवास । त्यै भएर अचेल म 'फेसबुक'लाई 'बेवकुफ' भन्न रुचाउँछु । सबैले सबैलाई मात्रै बेवकुफ बनाउँछन् त ! कसैले कसैलाई नै बाँकी राख्दैनन् त ! मेरो डिग्री र सोमेको डिग्रीमा उसका थप डिग्रीमा 'ताहाचल क्याम्पस'को 'एम.एड.इन इङ्गिलस ल्याङ्वेज' र वन यर बिएडको डिग्री पनि छ । यी दुवै डिग्री पनि बेवकुफे डिग्री मात्रै हुन् । आफैलाई बेवकुफ बनाउने डिग्री तातो न छारोका । यतिका धेरै डिग्रीधारी हामीले शोधकार्य यानि थिसिस क्यासमै किनेर बुझाएको ! अनि भुत्राको ज्ञान-प्रज्ञान हुनु हामीमा । जे भए नि पैसा चैं परेको छ है हाम्रो डिग्रीमा । एकदिन सोमेले "अस्ट्रेलियाको सवारी" स्टाफ नर्स सकेकी, अल्कामा काम गर्दै गरेकी पट्टी पट्याएर उसको क्लियर ग्रीन सिग्नल पाएको खुशीमा दिएको जाँडे पार्टीमा जाँडले मातेर बोलेको बोली साँच्चिकै कटु सत्य लाग्छ । "था छ डम्मरे ! मैले त अस्ट्रेलियाको सवारी भेटे नि अब छिटै उड्छु सवारीसँगै, अनि नि ! उता गएर मैले मस्काएको भाँडाको चमक र टी.यु. को सर्टिफिकेटको निलो रङ्गको स्टिकरको चमकमा कुन चम्किलो छ तुलना गर्छु यार । भन त डम्बरे कुन चम्किलो होला !" टी.यु. को सर्टिफिकेटको निलो रङ्गको स्टिकरको चमकको तुलनामा मैले क्यानडामा हानेको भाँडाको र सोमेले अस्ट्रेलियामा हानेको भाँडाको चमक सयौं गुणा चम्किलो लाग्छ । टी.यु.को सर्टिफिकेट देखाउँदा मलाई आमाले भनेको सम्झन्छु । "तेरा ती खोस्रे कागजले पढाइमा अब्बल भएको भाइलाई इन्जिनियरिङ पढाउन सक्छस् ? बैनीलाई बिस्सी नर्सिङ पढाउन र दिदीको बिहे-दान गर्न सक्छस् ? तँ काठमाडौं बस्दा लागेको ऋण तिर्न बन्धक राखेको पाटे खेत निखन्न सक्छस् ?" आमाका प्रश्नरूपी वाणले म खिस्रिक्क हुन्थे प्रतिउत्तर त के आमाको अनुहारमा सिधा हेर्न पनि असमर्थ हुन्थें । तर हिजो-आज आमा प्राय: भिडियो कलमा सम्झाउनुहुन्छ, "आफ्नो स्वास्थ्यको ख्याल राखेस् ।" आमाका चम्किला आँखा देख्दा टी.यु.को सर्टिफिकेटको चम्किलोपन फिक्का-फिक्का लाग्छ । सोमेको पनि मेरो जस्तै हो हालत । र त प्रेम गरेकी ऊ बेलाकी प्रेमिका र अहिलेकी जीवनसङ्गिनीलाई जाँडकै तालमै "अस्ट्रेलियाको सवारी" भन्यो । त्यो उसको अवचेतन मनको सत्य थियो निस्किहाल्यो । अचेल म उसलाई कहिलेकाहीं कल गर्दा जिस्काउँछु "तेरो र तेरो अस्ट्रेलियाको सवारीको हालखबर कस्तो छ ।" ऊ रिसले मुरमुरिन्छ । सोमेले एउटा औषधि कम्पनीको 'चिकित्सा प्रतिनिधि (MR)सहायक' भएर कसरी-कसरी 'अस्ट्रेलियाको सवारी' जुटायो र जाँडे पार्टी दिइहाल्यो । र दिन गन्ती पो गर्न लाग्यो पखेटा लगाउने आफ्नो र आफ्नो परिवारको ! आफू भने प्रोग्रेसिभ स्कुलको 'ल्याङ्वेज काडिनेटर' कहाँबाट जुटाउने त 'अस्ट्रेलियाको सवारी' सजिलो रहेन मेरो अवस्था । "सँगैको साथी हवाईजहाज माथि मन मेरो फुरुरु... ।" गीतमा तर यथार्थमा मेरो मन भतभती पो भयो । मेरो मनको व्यग्रतालाई ढाडस दिन मैले पनि थाले अस्ट्रेलियाको सवारी जुटाउन ! बुबा-आमाले दशैंमा दिएको आशीर्वादको चुरो कुरो "आके-ताकेको पुगोस् !" मैले नि मनैदेखि बोईङ् जहाज चढाउने सवारी खोज्न साँच्चिकै आँक्न र ताक्न थालेको थिएँ । संयोग नै भन्नु पर्छ, कुनै समय काठमाडौंमा कोठा भाडा तिर्न नसक्दा बि.बि.एस.को सबै विषय पास गरेर फर्स्ट इयर र सेकेण्ड इयरको अंग्रेजी मा अड्केकी 'सुधा जी' ! त्यो समय उनले मलाई दश हजार दिएर गर्जो टार्देकी थिइन् मैले उनको बि.बि.एस.को अंग्रेजीको पासो निकाल्दिएको थिएँ नक्कली परीक्षार्थी भएर ! जो मेरो फेसबुके साथी थिइन् । उनैले प्रस्ताव राखिन्छ "तपाईं अंग्रेजीमा खरो हुनुहुन्छ आई.इ.एल.टी.एस.मा ७.५ ल्याउनु भयो भने, मेरो नि MBS र कामको अनुभव छ क्यानडाको 'एक्सप्रेस इन्ट्री भिजा'मा ट्राई गरी हेरुम् न !" हेर्ने मात्रै हो भने त सक्दिन भनैं । "लु उसो भए कागजी बिहे गरौं पहिला अनि तपाईं आई.इ.एल.टी.एस. गर्नुस् डम्बर जी" भनिन् उनले ।

मनमा लड्डु फुटे ! सोमेलाई साक्षी राखेर अदालती विवाह गरेपछि स्कुले जागिरको बिट मारेर आई.इ.एल.टी.एस. को तयारीमा जुटें । ७.५ मात्रै होइन ८ नै पो आयो भुर्रै उडिहालिन्छ कि जस्तो अनुभूत भयो । आई.इ.एल.टी.एस.को परिणाम पछि करिब पाँच महिनापछि एक्सप्रेस इन्ट्रीको क्यानडाको भिजा लाग्यो । उड्न खोजेको थिएँ अस्ट्रेलिया तर ! जाने टुङ्गो भएपछि 'सुधा जी'को परिवार र मेरो परिवारलाई जानकारी गराएर कागजी बिहेलाई वैधानिकता दिँदै मन्दिरमा सिन्दूर-पोते गरियो । आमा ढुस्किँदै हुनुहुन्थ्योह "तेरो नि बिहे यस्तो भाँडाकुटी खेलेजस्तो जेठो छोरो भएर नि !"

बुवाको अर्कै पिर "तेरो छोरो पढाउन पाटे खेत बन्धकमा छ अब नौमती बाजा बजाएर बिहे गर्ने हो भने पाटे खेतको सधैंको लागि माया मार्दा हुन्छ ।" आमाको बोलीमा बिर्को लाग्यो । कस्तो टर्रो विडम्बना आफ्ना छोराछोरीको बिहे भाँडाकुटी खेल । होइन नि, सारा जिन्दगी नै केटाकेटीको भाँडाकुटी खेल जस्तै नै ! उ ! सोमे भन्दा मैले (ए होइन नि हामीले- 'सुधा र मैले') ८ दिन ढिलो नेपाल छोड्यौ । सोमे र म किन यस्तो भयौ ? के निमा आन्टीको सहवासमा परीक्षा पास गर्नु हाम्रो रहर हो ? ट्यु मक्किनु हाम्रो कारण हो ? हो । धेर थोर त पक्कै हो । अनि बिना आधार खाली प्रमाणपत्र बाँड्ने राज्य र बाँड्न उक्साउने/लगाउने हामी जनता नि उतिकै दोषी, होइन र ! जे भए नि ७/८ वर्ष काठमाडौं बसेर भेला गरेका प्रमाणपत्र, जुन आज भाँडा हान्न, ट्वाइलेट हान्न काम लागिरहेका छन् । कहिलेकाहीं फुर्सदमा ती भाँडा हान्न सहयोग पुर्याउने मृत प्राय: खोस्टे सर्टिफिकेट मुसारेर काठमाडौं बसाइँलाई रिक्याप गर्दै खितिकिन्छौं, मुर्मुरिन्छौं अनि स्खलित हुन्छौं सोमे आफ्नो धरातलमा म आफ्नै । धन्य टी.यु.! अब त टी.यु.को पनि ट्युको पनि हावा फुस्केर टायर मक्केर जीर्ण भएको घरको कुनामा पल्टेको खियाले पुरिएको साइकल जस्तै-जस्तै हालतमा पुग्न लागेको खबर यदाकदा सुनिन्छन् । सिकाउने प्रिय प्रोफेसर भन्दा पनि स्वाँठ भर्तीकेन्द्र बनेपछि, हाम्रो घरमा पालेको ब्याडे बाखाको बोको पसेर खोर भत्काएको जस्तो त भै हाल्ने भयो नि ! सोमे र मैले 'उदयपुर' न त तराई न पहाड भन्न सकिने भन्नलाई भित्री मधेसबाट काठमाडौं सँगै छिरेका पढ्न अनि काम गर्न/खोज्न, र ठुलो बोईङ् जहाज चढेर सँग-सँगै जस्तो नै देश छोडेका । फेसबुकमा देखिएका डिग्री किन भेला पार्न खोज्यौ ? त्यसको उत्तर न मसँग छ, न सोमेसँग, न त राष्ट्रसँग छ । कमजोर आर्थिक अवस्थाले पढेपछि पैसो अलि बढी कमिन्छ कि भन्ने आश पो हो कि ! 'पढेर ठुलो मान्छे बन्नु' भन्ने बा-आमाले दिएको दशैंको आशीर्वादले पो लागेको पो हो कि ! खोइ के-के ? तर एउटा गाँठी कुरो के हो त्यसको उत्तर अहिलेसम्म भेटेकै छैनौं ।

केही फेसबुके डिग्री त काठमाडौंको लोकल बसमा छुट लिन आइडी कार्ड भेला पार्न गर्यौं कि जस्तो भान हुन्छ । हुन पनि विश्व भाषा क्याम्पसको 'चाइनिज', 'जर्मन' र 'अंग्रेजी लेखन' कक्षा त 'मा...कसम' आई.डी.कार्ड भेलै गर्न सल्लाहले नै एडमिसन मात्रै गरेकै हो । सोमेलाई एउटा गतिलो निवेदन लेख्ने ढङ्ग छैन, म बबुरो नि त्यै ड्याङे न हुँ एल.एल.बि.को डिग्री र अधिवक्ताको लाइसेन्सधारी म ७२ को संविधान कहिले जारी भयो भन्ने प्रश्नको उत्तर खोज्न सधैं गुगल गर्नु पर्छ । काठमाडौंको बसाइँमा मैले केही काम गरिन ! गरे तर मैले गरेको कामलाई कसैले काम ठानेको भए, मलाई पनि म पनि यो देशको नागरिक भन्ने अनुभूत हुन्थ्यो होला । सायद म नि यो बिरानो देशमा भाँडा हान्ने काम गर्न आउँदिन थिए कि ! अरू विषयमा जे-जस्तो भए पनि मेरो अंग्रेजी स्पोकन राम्रो थियो जसले ८ बर्षको काठमाडौं बसाइँमा भात ख्वायो । त्यै अंग्रेजीले निजी स्कुलमा ६/७ वर्ष ८/१० वटा स्कुलमा पढाएँ । कुनै पनि स्कुलमा तथाकथित स्कुल सञ्चालकहरूले शिक्षक त परै को कुरा एउटा निम्च्छरो कामदार नि कहिल्यै सम्झिएन । र त मन विरक्त बनाएर, अनागरिक भएर बाच्नु भन्दा गैर-आवासिय नागरिक हुने आकर्षणले स्थान पायो हाम्रो जीवनमा । सोमेसँग राम्रो वाककलाको क्षमता छ । ऊ बोल्दा शब्द चयन गतिलो तरिकाले गर्छ, सितिमिति उसले भनेको कुरा कसैले नाइँ भन्नै सक्दैन । भलै पर्याप्त अध्ययनको अभावले सान्दर्भिक जानकारीलाई संश्लेषण र विश्लेषण गर्न सक्दैन । तर उसको त्यो क्षमताको समयमै पहिचान गरेर त्यसै अनुरूपको मल-जल पाएको भए आज 'मा... कसम !' सोमे गतिलो व्यवस्थापक बन्ने थियो । मेरो अंग्रेजी भाषा-साहित्य प्रतिको लगावले बेलैमा पहिचान पाएको भए ! के म हेरोल्ड पिंटर, जेन अस्टिन, जोन मिल्टन जस्तै नबने पनि 'ड्यामरे बस्नेट' त बन्थे कि ! खैर यी कोरा कल्पना, मनका लड्डु घ्युसँग खाए जस्तै हो !

*-साहित्यपोष्ट डटकम*

# आज तानसेनमा काँग्रेसको जिल्ला सम्मेलन हुँदै



**पाल्पा,** मंसिर २९/नेपाली काँग्रेस पाल्पाको प्रथम जिल्ला सम्मेलन आज (शनिबार) तानसेनमा हुँदैछ । काँग्रेसले पार्टीलाई सशक्त र क्रियाशील बनाएर अगाडि बढाउन जिल्ला सम्मेलन गर्न लागेको हो ।

सम्मेलनको सम्पूर्ण तयारी सकिएको काँग्रेस पाल्पाले जनाएको छ । काँग्रेसले जिल्ला वडा, पालिका, प्रदेश तथा क्षेत्रीय सम्मेलन पूरा भएसँगै जिल्ला सम्मेलन गर्न लागेको हो । सम्मेलनमा नेपाली काँग्रेसका महामन्त्रीद्धय गगनकुमार थापा, विश्वप्रकाश शर्मा, केन्द्रिय सदस्य डा.चन्द भण्डारी, पुष्पा भुसाल, लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन लगायतका विशिष्ट व्यक्तिहरूले सम्वोधन गर्ने कार्यक्रम रहेको छ । यस अघि पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता शेखर कोइराला आउने भनिए पनि विशेष कारणवस नआउने भएको जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । कार्यक्रम ठिक ११ बजेदेखि तानसेन नगरपालिकाको सभाहलमा सुरु हुने जनाइएको छ । 'समुन्नत पाल्पा, सम्मानित पाल्पाली' भन्ने नारालाई प्राथमिकतामा राखेर सम्मेलन गर्न लागिएको सभापति श्रेष्ठले बताए । उनले भने 'पाल्पाको विकास, समृद्धिका लागि हाम्रो सम्मेलन केन्द्रित रहन्छ ।' राजनैतिक दस्तावेजमा 'समुन्त पाल्पा, सम्मानित पाल्पाली' भन्ने नारा साकार पार्नका लागि पाल्पाको शिक्षा, स्वास्थ्य, कुटीर उद्योग, पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने सोंचलाई अगाडि बढाएर पार्टी एकताको महत्वपूर्ण सन्देश दिइने पनि उनले बताए । सम्मेलनले राजनैतिक, आर्थिक र सांगठनिक प्रतिवेदन प्रस्तुत र कार्यान्वयनमा जोड दिनेछ । सम्मेलनमा जिल्लाका ८१ वडाका क्षेत्रिय प्रतिनिधि, १० वटै पालिकाका पदाधिकारी, पर्यवेक्षकहरुको समेत सहभागिता रहने छ । सम्मेलनमा पूर्व सभापति, जिल्लाबाट पार्टीलाई विभिन्न क्षेत्रबाट योगदान गरेका व्यक्तित्व र अक्षकोषदाताहरुलाई सम्मान गरिने छ ।

# बैंक तथा वित्तीय संस्थामा ब्याजदर घटाउन माग

**लुम्बिनी,** मंसिर २९/बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले बैंक तथा वित्तीय संस्थामा ऋणको ब्याजदर घटाउन माग गरेको छ । संघले लगानीयोग्य पुँजीको स्रोत पर्याप्त हुँदा पनि कर्जाको विस्तार हुन नसक्नुमा ऋणको ब्याजदरलाई कारक मान्दै माग र आपूर्तिको सिद्धान्त अनुसार ब्याजदर कायम हुनुपर्नेमा जोड दिएको छ ।

संघको टोलीले बिहीबार नेपाल राष्ट्र बैंक भैरहवा शाखामार्फत ऋणको ब्याजदर घटाउन माग गरेको हो । टोलीले मुलुकको अर्थतन्त्रको सुदृढीकरण र उद्योगी व्यवसायीका व्यावसायिक समस्या सुधारका लागि सुझावसमेत दिएको छ । संघले नेपाल राष्ट्र बैंक सिद्धार्थनगरका निर्देशक सत्यन्द्रराज सुवेदीमार्फत नेपाल राष्ट्र बैंकलाई ज्ञापनपत्र बुझाएको छ । संघका अध्यक्ष हरिप्रसाद अर्याल नेतृत्वको टोलीले बुझाएको ज्ञापनपत्रमा बैंक तथा वित्तीय संस्थाले बैंकिङ प्रणालीमा लगानीयोग्य स्रोत पर्याप्त हुँदा पनि कर्जा विस्तार हुन नसक्नु, कर्जाको दरमा उल्लेख्य मात्रामा कमी आउन नसक्नु तथा खराब कर्जाको मात्रामा उल्लेख्यरुपमा वृद्धि हुनुले पनि समस्या कायम रहेको उल्लेख छ । 'उद्योग व्यवसायको क्षमता प्रयोग निरन्तररुपमा घटिरहेको र रोजगारी तथा आयमा कमी आई उपभोग्य वस्तुको मागमा कमी आएको छ', संघका अध्यक्ष अर्यालले भने । व्यवसाय धराशायी भएको सन्दर्भमा व्यवसायीले ऋणको ब्याज तथा सावाँ भुक्तान गर्न नसकिरहेको अवस्थामा ऋणको पुन:तालिकीकरण गर्ने र हर्जाना मिनाहा गर्नका लागि प्रबन्ध मिलाउन आग्रह गरिएको उनले बताए । व्यावसायिक ऋण भुक्तानीमा समस्याका कारण देखाउँदै गरिने धितो लिलाममा ब्याज भुक्तान भएका सम्पूर्ण लिलामी रोक्का गरी ऋण पुन:तालिकीकरण गर्नसमेत अनुरोध गरिएको छ । महिला उद्यमी कर्जालाई सर्वसुलभ र सरलीकृत गर्दै सबै बैंक तथा वित्तीय संस्थाले प्राथमिकताका साथ ऋण प्रदान गर्ने व्यवस्था अवलम्बन गर्नुपर्ने, ओभरड्राफट ऋणमा केही समयदेखि लागु गरिएको व्यवस्थाको सट्टा पूर्ववत् स्वीकृत ओभरड्राफट ऋणको सीमाभित्र पटकपटक आवश्यकताअनुसार निकाल्न र भुक्तानी गर्ने मिल्ने व्यवस्था मिलाउन आग्रह गरिएको अध्यक्ष अर्यालले बताए । सो अवसरमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगरका निर्देशक सुवेदीले सुधारका लागि आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । *-रासस*

# सार्वजनिक सुनुवाइमा पूर्वखोला...

...जनताले गरेका गुनासा र सुझावलाई सम्बोधन गरी पालिकाले काम गर्न संघीय सांसद आचार्यले जोड दिए । प्रदेश सांसद खेमबहादुर सारुले भौतिक, आर्थिक र सामाजिक विकासलाइ सँगसँगै लैजानु पर्ने, शिक्षा, स्वास्थ्य र रोजगारीमा आधारित कार्यक्रमलाई गाउँपालिकाले प्राथमिकता दिएर काम गर्नुपर्ने बताए । प्रदेश सांसद राजुप्रसाद श्रेष्ठले स्थानीय उत्पादनमा आधारित कुटिर उद्योग सञ्चालन सँगै, बजारीकरणलाई पालिकाले ध्यान दिनुपर्ने बताए । प्रदेश सरकारबाट रामपुर कपुरकोट सडक निर्माणको लागि पहल गरिरहेको समेत उनले बताए । कार्यक्रममा नेकपा एमाले पूर्वखोला गाउँ कमिटी अध्यक्ष जीवन आचार्यले बसाईसराईलाई रोक्ने गरी आय आर्जनका कार्यक्रम ल्याउनु पर्ने, शिक्षाको गुणस्तरमा सुधार्न सर्वप्रथम शिक्षक नै क्रियाशिल हुनुपर्ने, पूर्वखोलाको बावियो व्यवस्थापन गर्न सके करोडौंको आम्दानी गर्न सकिने भएकाले गाउँपालिकाले त्यसतर्फ ध्यान दिन अनुरोध गरे ।

कार्यक्रममा माध्यमिक तथा क्याम्पस तहमा विद्यार्थीहरुको लागि पढ्दै कमाउदै, रमाउदै कार्यक्रम ल्याउनु पर्ने, समयमै योजना सम्झौता तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, गाउँपालिका भित्रका मोटरबाटोहरुको लगत कट्टा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता वडा वडाबाट वितरण गर्नुपर्ने, वडा वडामा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, कृषि, पशुपालन र पर्यटन सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेमा नागरिकहरुले जोड दिएका थिए । कार्यक्रममा गाउँपालिका अध्यक्ष नुनबहादुर थापाले पालिकाले जनताको आयस्तर बढाउन कृषि र पशु क्षेत्रमा आधारित कार्यक्रमलाई प्राथमिकता दिएको, एक घर एक धाराको कार्यक्रमलाई प्राथमिकता दिएको, पालिकाको आम्दानी वृद्धि गर्न करको दायरा फराकिलो बनाउँदै विभिन्न विकल्पहरुको बारेमा छलफल चलाएको बताए । कार्यक्रममा विषयगत शाखा प्रमुखहरुले नागरिकले उठाएका गुनासा तथा जिज्ञासाहरुको जवाफ दिएका थिए । गाउँपालिका उपाध्यक्ष भागिरथी शर्मा भट्टराईको स्वागत, पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## भारतका खेलाडीले जर्सी नम्बर ७ प्रयोग गर्न नपाउने



**काठमाडौं,** मंसिर २९/भारतीय राष्ट्रिय क्रिकेट टिमका खेलाडीले अब जर्सी नम्बर ७ प्रयोग गर्न नपाउने भएका छन् । भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले यस्तो निर्णय गरेको हो ।

बीसीसीआईले भारतीय क्रिकेट खेलाडीका लागि दुई वटा नम्बरका जर्सीलाई 'रिटायर' घोषणा गरेको हो । यसअघि नै बीसीसीआईले जर्सी नम्बर १० कसैले पनि प्रयोग गर्न नपाउने गरी 'रिटायर' घोषित गरिसकेको थियो । हालै यो सूचीमा जर्सी नम्बर ७ पनि थपिएको हो । उल्लेखनीय छ, जर्सी नम्बर १० सचिन तेन्दुलकरले प्रयोग गर्दथे । अन्तर्राष्ट्रिय क्रिकेटबाट उनले सन्न्यास लिएसँगै उनले प्रयोग गर्दै आएको जर्सी नम्बर १० प्रयोग गर्न बीसीसीआईले अन्य खेलाडीका लागि बन्देज लगाएको थियो । जर्सी नम्बर ७ भने भारतीय क्रिकेट टिमका पूर्व कप्तान महेन्द्र सिंह धोनीले लगाउँथे । उनले पनि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिइसकेका छन् ।

धोनीको योगदानलाई कदर गर्दै बीसीसीआईले उनको जर्सी नम्बर अब अन्य खेलाडीलाई नदिने घोषणा गरेको हो । भारतीय क्रिकेट टिममा डेब्यु गर्ने कुनै पनि खेलाडीलाई उनीहरुको रोजाइका आधारमा जर्सी नम्बर उपलब्ध गराउने परम्परा छ । तर अब त्यस्ता खेलाडीलाई जर्सी नम्बर १० र जर्सी नम्बर ७ बाहेक उपलब्ध अन्य नम्बरमध्येबाट रोज्न लगाइने छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

कर्पोरेट/अर्थ समाचार

## कुमारी बैंकले कर्जाको प्रिमियम दर घटाउने





**पाल्पा,** मंसिर २९/कुमारी बैंक लिमिटेडले आफ्ना ऋणी ग्राहकको सेवा-सुविधालाई मध्यनजर गर्दै कर्जाको प्रिमियम दर घटाउने निर्णय गरेको छ । जनवरी १ देखि लागू हुने गरी कर्जाको प्रिमियम दरलाई अधिकतम ३.५ प्रतिशत रहने गरी लागू गर्ने बैंकले जनाएको हो ।


यो नयाँ दर फोन लोन र क्रेडिट कार्ड बाहेक यस बैंकबाट प्रवाह भएका अन्य सबै प्रकारका कर्जाहरु उपभोग गर्ने नयाँ तथा पुराना सबै ग्राहकमा लागू हुने बताइएको छ । कुमारी बैंकले आफ्ना ग्राहकको आर्थिक गतिविधि थप चलायमान होस् भन्ने उद्देश्यका साथ प्रिमियम दर घटाउने निर्णय गरेको हो । कुमारी बैंकले आफ्ना ग्राहकहरुका गतिशील आवश्यकताहरु र निरन्तर परिर्वतन हुने वित्तीय परिदृश्यलाई पूरा गर्न समयानुकुल विभिन्न योजनाहरु प्रवर्द्धन गर्ने गरेको बताइएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई